विद्युत नियमन आयोग

# जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको विद्युत् खरिद बिक्री सम्बन्धी निर्देशिका, २०८२

विद्युत नियमन आयोग
२०८२ माघ २०

# जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको विद्युत् खरिद बिक्री सम्बन्धी निर्देशिका

## विषयसूची


| परिच्छेद | विवरण | पेज नम्बर |
|---|---|---|
| १ | प्रारम्भिक | १ |
| २ | विद्युत् खरीद बिक्रीको दर निर्धारण तथा सम्झौता सहमति प्रक्रिया | ६ |
| ३ | विद्युत् उत्पादन केन्द्रसम्बन्धी प्राविधिक सर्त तथा नियन्त्रण गर्न सकिने र नसकिने विषयहरु | ९ |
| ४ | वित्तीय विश्लेषण तथा विद्युत् खरिद बिक्री दरको निर्धारणका आधार | १० |
| ५ | विद्युत् खरिद बिक्री दर निर्धारण पद्धति | २१ |
| ६ | विविध | २६ |
| ७ | अनुसूची<br>१. निवेदनसंग पेश गर्नुपर्ने कागजात<br>२. सञ्चालनसम्बन्धी प्राविधिक मापदण्ड<br>३. विद्युत् खरिद बिक्री दर निर्धारणबापतको सेवा शुल्क | २९-३१ |

# जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको विद्युत् खरिद बिक्री सम्बन्धी निर्देशिका, २०८२

प्रस्तावना : जलाशययुक्त विद्युत् केन्द्रबाट उत्पादित विद्युत् खरिद बिक्री सम्बन्धी व्यवस्थालाई नियमित र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी आयोगले देहायको निर्देशिका बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम तथा प्रारम्भ : (१) यो निर्देशिकाको नाम "जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको विद्युत् खरिद बिक्री सम्बन्धी निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा :-,

(क) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गते सुरु भई असार मसान्तमा समाप्त हुने बाह्र महिनाको अवधि सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापना भएको विद्युत् नियमन आयोग सम्झनु पर्छ।

(ग) "उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले जलाशययुक्त विद्युत् उत्पादन केन्द्रबाट विद्युत् उत्पादन गर्न प्रचलित कानूनबमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्छ।

(घ) "उत्पादन एकाइ" भन्नाले विद्युत् केन्द्रमा विद्युत् शक्ति उत्पादन गर्न जडित प्रत्येक टर्वाइन र जेनेरेटरको सेट सम्झनु पर्छ।

(ङ) "उपलब्ध क्षमता" भन्नाले कुनै पनि जलाशययुक्त विद्युत् उत्पादन केन्द्रले दिनको कुनै पनि समयखण्ड (टाइम-ब्लक) मा वा दिनभर कनेक्सन बिन्दुमा उपलब्ध गराउन सक्ने क्षमता (मेगावाट) सम्झनु पर्छ।

(च) "ऐन" भन्नाले विद्युत् नियमन आयोग ऐन, २०७४ सम्झनु पर्छ।

(छ) "काबु बाहिरको परिस्थिति" भन्नाले विद्युत् खरिद बिक्री सम्झौताको कार्यान्वयन गर्न

देहायको कुराहरु मध्ये सबै वा कुनै घटना घटी कुनै पक्षले आफूले पूरा गर्नु पर्ने काम वा दायित्व पूरा गर्न सम्भव नभएको बस्तुनिष्ट रुपमा प्रमाणित हुने परिस्थिति सम्झनु पर्छः

(अ) दैवी प्रकोप एवं प्राकृतिक विपत्ति (भूकम्प, आगलागी, ज्वालामुखी विष्फोटन, पहिरो, बाढी, आँधीवेहरी, चट्याङ् वा अन्य त्यस्तै कारणले भएको दुर्घटना)

(आ) रेडियोएक्टिभ कन्ट्यामिनेसन भएमा,

(इ) कुनै महामारी रोग फैलिएमा,

(ई) लडाइँ, आन्तरिक विद्रोह, हड्ताल, बन्द वा नाकाबन्दी र यस्तै कारणबाट उत्पन्न विध्वंसात्मक कार्य,
तर, यसले बिक्रीकर्ता र खरिदकर्ता वा सो संग सम्बन्धित बन्द र हड्ताललाई जनाउने छैन।

(उ) खण्ड (अ) देखि (ई) बमोजिमका कारणले श्रमिक, मालसामान वा सेवा उपलब्ध हुन नसकी आयोजना निर्माण, परिक्षण वा सञ्चालन गर्न नसकेमा।

(ज) "किलोवाट-घण्टा" भन्नाले विद्युतीय ऊर्जाको मापन गर्ने एकाइ सम्झनु पर्छ र सो शब्दले एक किलोवाट विद्युतीय शक्ति एक घण्टा खपत गर्दा उपयोग हुने विद्युतीय ऊर्जालाई जनाउँछ।

(झ) "खरिद बिक्री दर समायोजन" भन्नाले खरिद बिक्री दर पुनरावलोकनको क्रममा खरिद बिक्री दर लागू भएको अवधिको लेखापरीक्षण गरिएको वित्तीय विवरणका आधारमा विद्युत् बिक्रीकर्ताले प्रक्षेपित वार्षिक स्थिर लागत वा सो को कुनै उपशिर्षक अन्तर्गतको लागत भन्दा बढी वा घटी रकम उठाएको यकिन गरी त्यस्तो प्रक्षेपित वार्षिक स्थिर लागत वा सो को कुनै उपशिर्षक अन्तर्गतको लागत र उठाएको वास्तविक रकम बीचको भिन्नतालाई आगामी खरिद बिक्री दर निर्धारण गर्दा मिलान गर्ने प्रक्रिया सम्झनु पर्छ।

(ञ) "ग्रिड संहिता" भन्नाले नेपाल विद्युत् ग्रिड संहिता, २०८० सम्झनु पर्छ।

(ट) "घोषित उपलब्धता" भन्नाले नेपाल विद्युत् ग्रिड संहितामा उल्लेख भएबमोजिम जलाशययुक्त विद्युत् उत्पादन केन्द्रले निश्चित समयखण्ड (टाइम ब्लक) मा वा दिन भर कनेक्सन बिन्दुमा उपलब्ध गराउन सक्ने भनी बिक्रीकर्ताले घोषणा गरेको क्षमता

(मेगावाट) सम्झनु पर्छ।

(ठ) "जडित क्षमता" भन्नाले विद्युत् उत्पादन अनुमतिपत्रमा उल्लेख भए अनुसारको जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको उत्पादन क्षमता सम्झनु पर्छ।

(ड) "जलाशययुक्त विद्युत् उत्पादन केन्द्र" भन्नाले देहायबमोजिमको मापदण्ड पूरा हुने गरी डिजाइन भएको आयोजना सम्झनु पर्छ :

(अ) न्यूनतम् पन्ध्र दिन निरन्तर पूर्ण क्षमतामा संचालन गर्न आवश्यक पर्ने पानीको आयतन (वातावरणीय वहाव कायम गर्न आवश्यक पर्ने बाहेक) सञ्चय गर्न सक्ने सक्रिय जलभण्डारण क्षमता (एक्टिभ स्टोरेज क्यापासिटी) भएको,

(आ) कम्तीमा पचास वर्षसम्म उपखण्ड (अ) बमोजिमको सक्रिय जलभण्डारण क्षमता कायम रहने,

(इ) सुख्खा यामको ऊर्जा उत्पादन कुल वार्षिक ऊर्जा उत्पादन परिमाणको कम्तिमा पैंतीस प्रतिशत भएको। यस प्रयोजनका लागि दफा २४ को उपदफा (२) बमोजिमको ऊर्जा गणना गरिने छैन।

(ढ) "डिस्प्याच" भन्नाले प्रणाली सञ्चालकले सेड्युल गरेको विद्युतीय ऊर्जा वा पूरक सेवा उत्पादन गरी ग्रिडमा पठाउने कार्य सम्झनु पर्छ।

(ण) "डेलिभरी विन्दु" भन्नाले कुनै जलाशययुक्त विद्युत् उत्पादन केन्द्रबाट उत्पादन हुने विद्युत् बिक्रीकर्ताले खरिदकर्तालाई उपलब्ध गराउन र खरिदकर्ताले सो विद्युत् लिनको लागि प्रयोग गरिने बिन्दु सम्झनु पर्दछ।

(त) "पक्ष" भन्नाले "विद्युत् खरिदकर्ता" वा "विद्युत् बिक्रीकर्ता" वा दुवै सम्झनु पर्छ।

(थ) "प्रस्ताव" भन्नाले विद्युत् बिक्रीकर्ताले आफ्नो विद्युत् उत्पादन केन्द्रबाट उत्पादित विद्युत्‌को खरिद बिक्री दर निर्धारण तथा विद्युत् खरिद बिक्री सम्झौता, विद्युत् खरिद बिक्री दर पुनः निर्धारण वा पुनरावलोकनको लागि विद्युत् खरिदकर्ता समक्ष प्रस्ताव पेश गर्ने कार्य सम्झनु पर्छ।

(द) "प्रणाली सञ्चालक" भन्नाले प्रचलित कानूनबमोजिम विद्युत् प्रणाली सञ्चालनको जिम्मेवारी प्राप्त निकाय सम्झनु पर्छ।

(ध) “प्रसारण दस्तुर” भन्नाले प्रसारण प्रणाली प्रयोग गरे बापत तिर्नु वा बुझाउनु पर्ने दस्तुर सम्झनु पर्छ।

(न) “पिक अवधि” भन्नाले बेलुकी ५ बजे देखि राती ११ बजे सम्म वा प्रणाली संचालनद्वारा समय समयमा तोकिने उच्च माग हुने बढीमा दिनको छ घण्टाको समयावधी सम्झनु पर्छ।

(प) “पूरक सेवा (एन्सिलरी सर्भिसेस्)” भन्नाले विद्युत् प्रणालीको स्थिरता, विश्वसनियता तथा सुरक्षात्मक उपाय एवम् विद्युत्को गुणस्तर कायम राखी प्रणाली सञ्चालनमा सहयोग पुर्याउन विद्युत् उत्पादन केन्द्रले प्रदान गर्ने सेवा सम्झनु पर्छ।

(फ) “वार्षिक उत्पादन उपलब्धताको मानक (नर्मेटिभ एनुअल प्लान्ट एभाइलेबिलिटि फ्याक्टर)” भन्नाले कुनै जलाशययुक्त विद्युत् उत्पादन केन्द्रले जडित क्षमताका आधारमा एक वर्षभरिमा सञ्चालनयोग्य अवस्थामा रही उत्पादन गर्न सक्ने समयको प्रतिशत सम्झनुपर्छ।

(ब) “वार्षिक स्थिर लागत” भन्नाले कुनै उत्पादन अनुमति पत्र प्राप्त व्यक्तिको कुनै उत्पादन केन्द्रको एक आर्थिक वर्षको विद्युत् उत्पादनको परिमाणका आधारमा परिवर्तन नहुने दफा (१२) बमोजिमको खर्चहरूको कुल योगलाई जनाउँछ।

(भ) “मासिक करार ऊर्जा” भन्नाले कुनै खास महिनामा जलाशययुक्त विद्युत् उत्पादन केन्द्रले विद्युत् खरिदकर्तालाई उपलब्ध गराउनु पर्ने ऊर्जाको परिमाण सम्झनु पर्छ।

(म) “नन पिक अवधि (आवर)” भन्नाले दिनको पिक अवधि बाहेकको बाँकी घण्टाको समयावधीलाई सम्झनु पर्छ।

(य) “व्यापारिक उत्पादन सुरु भएको मिति (कमर्सियल अपरेसन डेट)” भन्नाले विद्युत् खरिदकर्ता र विद्युत् बिक्रीकर्ता बिच सम्पन्न विद्युत् खरिद बिक्री सम्झौता अनुसार कुनै पनि जलाशययुक्त विद्युत् उत्पादन केन्द्रले व्यापारिक रुपमा विद्युत् उत्पादन प्रारम्भ गरेको मिति सम्झनु पर्छ।

(र) “दीर्घकालीन ऋण सम्झौता” भन्नाले जलाशययुक्त जलविद्युत् उत्पादन केन्द्रको निर्माणका लागि विद्युत् उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति र ऋण लागानी गर्ने संस्थाहरु बीच सम्पन्न भएको वित्तीय व्यवस्थापन अन्तर्गतको ऋण लगानी सम्बन्धी सम्झौता सम्झनु पर्छ।

(ल) “विद्युत् खरिद बिक्री सम्झौता” भन्नाले यो निर्देशिका बमोजिम विद्युत् खरिद-बिक्रीको लागि विद्युत् खरिदकर्ता र जलाशययुक्त आयोजनाको विद्युत् उत्पादन अनुमतिपत्र प्राप्त व्यक्तिका बीचमा गरिने करार सम्झनु पर्दछ।

(व) “विद्युत् खरिदकर्ता” भन्नाले यो निर्देशिका बमोजिम दीर्घकालीन विद्युत् खरिद बिक्री सम्झौता अन्तर्गत विद्युत् खरिद गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्युत् खरिद गर्न प्रस्ताव पेस गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति समेतलाई जनाउँछ।

(श) “विद्युत् खरिद बिक्री दर” भन्नाले यो निर्देशिका बमोजिम विद्युत् खरिद बिक्रीको लागि आयोगबाट निर्धारण गरिएको विद्युत् खरिद बिक्री दर सम्झनु पर्छ।

(ष) “विवेकसम्मत परीक्षण” भन्नाले उत्पादन अनुमति प्राप्त व्यक्तिले आफ्नो काम कारबाही सञ्चालनका लागि खर्च गरेको वा खर्च गर्न प्रस्ताव गरेको रकम वा अनुमतिपत्र प्राप्त व्यक्तिको काम कारवाहीसंग सम्बन्धित अन्य विवरण वा विद्युत् खरिदकर्ता वा विद्युत् बिक्रीकर्ताले गरेको प्रस्ताव, माग, अनुमान वा विश्लेषण उपयुक्त, कानूनसम्मत, तर्कसङ्गत एवम् पूर्ण भए नभएको जाँच वा परीक्षण गर्ने कार्य सम्झनु पर्छ।

(स) “विद्युत् बिक्रीकर्ता” भन्नाले यो निर्देशिका बमोजिम विद्युत् विक्री गर्ने प्रचलित कानुन बमोजिम उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्युत् बिक्री गर्न प्रस्ताव पेस गर्ने विद्युत् उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति समेतलाई जनाउँछ।

(ह) “सन्दर्भ वर्ष” भन्नाले विद्युत् खरिद बिक्री दर निर्धारण, पुनः निर्धारण तथा पुनरावलोकन हुने आर्थिक वर्ष सम्झनु पर्छ।

(क्ष) “सुख्खा याम” भन्नाले मङ्सिर १६ गते देखि जेष्ठ १५ गतेसम्म वा आयोगको स्वीकृति लिई प्रणाली सञ्चालकले तोकेको प्रणालीमा ऊर्जा अभाव हुने छ महिनाको अवधिलाई सम्झनु पर्छ।

(त्र) “सेड्युलिङ्” भन्नाले प्रणाली सञ्चालकले कुनै पनि टाइम ब्लक अथवा तोकिएको कुनै समय खण्डमा उत्पादन गर्ने वा ग्रिडमा प्रवेश गराउने भनी तय गरेको तालिका अनुरुपको “मेगावाट” अथवा “मेगावाट-घण्टा” मा उल्लेख गरेअनुरुपको विद्युतीय ऊर्जा वा पूरक सेवालाई सम्झनु पर्छ।

## परिच्छेद - २

## विद्युत् खरीद बिक्रीको दर निर्धारण तथा सम्झौता सहमति प्रक्रिया

३. निवेदन दिनु पर्ने : (१) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको विद्युत् खरिद बिक्रीको दर निर्धारण तथा विद्युत् खरिद बिक्री सम्झौताका लागि विद्युत् बिक्रीकर्ताले विद्युत् खरिदकर्तासमक्ष आयोजनाको विद्युत् उत्पादन अनुमतिपत्र र सम्भाव्यता अध्ययन प्रतिवेदन (फिजिबिलिटि स्टडी रिपोर्ट) सहित अन्य आवश्यक कागजातहरु संलग्न गरी प्रस्ताव पेस गर्नुपर्नेछ।

(२) विद्युत् खरिदकर्ताले उपदफा (१) बमोजिमको प्रस्ताव प्राप्त गरेको एक सय असी दिन भित्र यो निर्देशिका तथा आयोगले जारी गरेका अन्य नियामकीय उपकरणले तोकेका आधारहरु बमोजिम आवश्यक प्राविधिक, वित्तीय तथा बजार विश्लेषण गर्दा विद्युत् खरिद विक्री गर्न उपयुक्त देखिएमा यो निर्देशिकाले तोकेका आधार बमोजिम विद्युत् खरिद बिक्री दर गणना गरी खरिद बिक्री दर सहितको विद्युत् खरिद बिक्री सम्झौतामा सहमतिका लागि अनुसूची-१ मा उल्लेखित कागजात सहित आयोगसमक्ष निवेदन दिनुपर्नेछ र सो को लिखित जानकारी सम्बन्धित प्रस्तावकलाई दिनुपर्नेछ।

तर, त्यस्तो विश्लेषण गर्दा विद्युत् खरिद गर्न उपयुक्त नदेखिएमा सो को कारण उल्लेख गरी आयोग र प्रस्तावकलाई जानकारी दिनुपर्नेछ।

(३) विद्युत् खरिदकर्ताले उपदफा (२) बमोजिम विश्लेषण गर्दा विद्युत् प्रणाली सञ्चालक तथा प्रणाली योजना सम्बन्धी जिम्मेवार निकायको लिखित रायसमेत लिनुपर्नेछ।

४. विद्युत् खरिद बिक्री दर पुनः निर्धारण : (१) विद्युत् खरिद बिक्री सम्झौता सम्पन्न भएका जलाशययुक्त विद्युत् उत्पादन केन्द्रबाट उत्पादित विद्युत्को विद्युत् खरिद बिक्री दर पुनः निर्धारणको लागि विद्युत् बिक्रीकर्ताले देहायको चरण पार भएपश्चात विद्युत् खरिदकर्तासमक्ष आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नु पर्नेछ।

(क) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रसंग सम्बन्धित सिभिल निर्माण कार्य, इलेक्ट्रोमेकानिकल कार्य र हाइड्रोमेकानिकल कार्य जस्ता प्रमुख संरचनाहरुको निर्माणका लागि सार्वजनिक रुपमा बोलपत्र आह्वान गरी ठेक्का सम्झौता सम्पन्न भएको एक महिना भित्र, र

(ख) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रबाट व्यापारिक उत्पादन सुरु भएको मितिको एक वर्ष भित्र।

(२) विद्युत् खरिदकर्ताले उपदफा (१) बमोजिम पुनः निर्धारणको लागि प्रस्ताव प्राप्त भए पश्चात नब्बे दिन भित्र पुनः वित्तीय विश्लेषण गर्दा कायम हुन आउने नयाँ विद्युत् खरिद बिक्री दरमा सहमतिका

लागि आवश्यक पुष्ट्याई सम्बन्धी कागजात सहित आयोगसमक्ष निवेदन दिनुपर्नेछ र सो को लिखित जानकारी सम्बन्धित विद्युत् बिक्रीकर्तालाई दिनुपर्नेछ।

(३) उपदफा (१) को खण्ड (ख) अनुरुप दर पुनः निर्धारण गर्दा  उपदफा (१) को खण्ड (क) बमोजिम दर गणना गर्दा निर्धारित जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको कुल पूँजीगत लागतमा दफा १० मा उल्लेखित नियन्त्रण गर्न नसकिने विषयहरुका कारणले भएको पच्चीस प्रतिशतसम्मको वृद्धिलाई मात्र मान्यता दिई पूँजीगत लागत कायम गरिनेछ। दफा १० मा उल्लेखित नियन्त्रण गर्न सकिने विषयहरुका कारणले गर्दा भएको कुनै पनि लागत वृद्धि वा नियन्त्रण गर्न नसकिने विषयहरुका कारणले भएको पच्चीस प्रतिशत भन्दा बढीको लागत वृद्धिलाई उपदफा ४ को खण्ड (ख) बमोजिमको विद्युत् खरिद बिक्री दर पुनः निर्धारणमा समावेश गरिने छैन।

५. <u>विद्युत् खरिद बिक्री दर पुनरावलोकन</u> : (१) विद्युत् खरिद बिक्री सम्झौता सम्पन्न भएका जलाशययुक्त विद्युत् उत्पादन केन्द्रजलाशययुक्त विद्युत् उत्पादन केन्द्रहरुबाट उत्पादित विद्युत्को खरिद बिक्री दर सो केन्द्रको व्यापारिक उत्पादन सुरु भएको मितिले पाँच वर्ष पश्चात प्रत्येक आगामी पाँच वर्षको अवधिका लागि पुनरावलोकन गर्नु पर्नेछ।

(२) विद्युत् बिक्रीकर्ताले उपदफा (१) बमोजिमको अवधि सुरु हुनु कम्तिमा छ महिना अगावै पुष्ट्याई विवरणसहित विद्युत् खरिदकर्ता समक्ष खरिद बिक्री दरको पुनरावलोकनको प्रस्ताव पेस गर्नुपर्नेछ।

(३) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको दीर्घकालीन उपयोगिताका लागि अतिरिक्त पूँजीगत कार्य गर्नु पर्ने देखिएमा विद्युत् बिक्रीकर्ताले उपदफा (२) बमोजिम प्रस्ताव पेस गर्दा आवश्यक अतिरिक्त पूँजीगत कार्य सम्बन्धी अध्ययन प्रतिवेदन पेश गर्न सक्नेछन्।

(४) विद्युत् खरिदकर्ताले उपदफा (२) बमोजिम पुनरावलोकनको लागि प्रस्ताव प्राप्त भए पश्चात नब्बे दिन भित्र पुनः वित्तीय विश्लेषण गर्दा कायम हुन आउने नयाँ विद्युत् खरिद बिक्री दरमा सहमतिका लागि आवश्यक पुष्ट्याई सम्बन्धी कागजात सहित आयोगसमक्ष निवेदन दिनुपर्नेछ र सो को लिखित जानकारी सम्बन्धित विद्युत् बिक्रीकर्तालाई दिनुपर्नेछ।

६. <u>शुल्क बुझाउनु पर्ने</u> : दफा ३, दफा ४ वा दफा ५ बमोजिम आयोगसमक्ष निवेदन पेश गर्दा विद्युत् बिक्रीकर्ताले अनुसूची-२ बमोजिमको सेवा शुल्क जम्मा गरी सोको रसिद समेत निवेदनका साथ पेश गर्नुपर्नेछ।

७. <u>पुर्ण वित्तीय विश्लेषण पेश गर्नु पर्ने</u> : (१) यो निर्देशिका बमोजिम जुनसुकै चरणमा खरिद बिक्री दर निर्धारण गर्नका लागि आयोगसमक्ष निवेदन पेश गर्दा विद्युत् खरिदकर्ताले गणना विधि, आधारहरु र पूर्वानुमानहरु

समेत खुलाई वित्तीय विश्लेषणसहितको प्रक्षेपित/अनुमानित विवरणहरु पेश गर्नुपर्नेछ। उक्त प्रक्षेपित/अनुमानित वित्तीय विवरणहरु इजाजतप्राप्त चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण पेश गर्दा विद्युत् खरिदकर्ताले वित्तीय विश्लेषणको इडीटेबल इलेक्ट्रोनिक प्रति समेत आयोगसमक्ष पेश गर्नुपर्नेछ।

८. <u>आयोगले निवेदन उपर कारबाही गर्ने</u> : (१) यो निर्देशिका बमोजिम विद्युत् खरिद बिक्री दर निर्धारण गर्नु र विद्युत् खरिद बिक्री सम्झौतामा सहमति दिनु वा विद्युत् खरिद बिक्री दर पुनः निर्धारण वा पुनरावलोकन गर्नु पूर्व आयोगले विद्युत् खरिदकर्ताले पेश गरेको निवेदनको विवेकसम्मत परीक्षण गर्नेछ।

(२) आयोगले उपदफा (१) बमोजिमको विवेकसम्मत परीक्षण गर्ने क्रममा विद्युत् खरिदकर्ता तथा विद्युत् बिक्रीकर्तासँग थप विवरण माग गर्न सक्नेछ।

(३) यो निर्देशिका बमोजिम विद्युत् खरिद बिक्री दर निर्धारण वा पुनरावलोकन गर्नु पूर्व आयोगले सार्वजनिक सूचना तथा सार्वजनिक सुनुवाई मार्फत सरोकारवालाहरुसंग राय, सुझाव तथा प्रतिक्रिया समेत माग गर्नु पर्नेछ।

(४) आयोगले विद्युत् खरिद बिक्री दर निर्धारण वा पुनरावलोकन सम्बन्धी कारबाही गर्दा उपदफा (३) बमोजिमको प्राप्त राय, सुझाव तथा प्रतिक्रियालाई समेत आधार लिनेछ।

(५) उपदफा (१) बमोजिम विवेकसम्मत परीक्षण गर्दा निवेदनमा उल्लेखित विवरण तथा प्रस्तावित दर उपयुक्त नलागेमा वा सो दर प्रस्ताव गर्दा आवश्यक प्रक्रिया अवलम्बन नभएको पाइएमा आयोगले थप विश्लेषण तथा प्रक्रिया अवलम्बन गराई आवश्यक परिमार्जन सहित प्रस्तावित खरिद बिक्री दर स्वीकृत गर्न सक्नेछ र सो को जानकारी विद्युत् खरिदकर्तालाई दिनेछ।

तर, आवश्यक प्रक्रिया अवलम्बन हुन नसकेको वा वित्तीय विश्लेषण चित्तबुझ्दो नभएको अवस्थामा आयोगले त्यस्तो निवेदन अस्वीकृत समेत गर्न सक्नेछ।

(६) दफा ५ बमोजिम विद्युत् खरिद बिक्री दर पुनरावलोकन गर्दा दफा ५ को उपदफा (१) बमोजिमको विगत अवधिका संचालन तथा सम्भार खर्च, दीर्घकालीन ऋणको व्याज र विदेशी मुद्रा विनिमय बापतको खर्च अन्तर्गतका शीर्षकहरुको प्रक्षेपित खर्च र यथार्थ खर्चहरुको रकम फरक देखिएमा यो निर्देशिकामा उल्लेखित आधारहरु बमोजिम आयोगबाट थप विश्लेषण गरी आगामी अवधिको विद्युत् खरिद बिक्री दर पुनरावलोकनको क्रममा विद्युत् खरिद बिक्री दर समायोजन गरिनेछ।

(७) महसुल अनुशासन कायम राख्न र उपभोक्ता हित संरक्षण गर्ने उद्देश्यका लागि आयोगले जलाशययुक्त विद्युत् उत्पादन केन्द्रहरुमा लागू हुने गरी महसुलको माथिल्लो सीमा (ट्यारिफ क्याप) वा

सन्दर्भ सीमाहरू तोक्न सक्नेछ। त्यस्ता सीमा वा सन्दर्भ सीमाहरू प्रचलित बजार परिस्थिति, प्रणालीको आवश्यकता र प्रविधिको विकास सँग निरन्तर सामञ्जस्यता सुनिश्चित गर्न आयोगद्वारा आवधिक रूपमा पुनरावलोकन र समायोजन गरिनेछ।

## परिच्छेद - ३

## विद्युत् उत्पादन केन्द्रसम्बन्धी प्राविधिक सर्त तथा नियन्त्रण गर्न सकिने र नसकिने विषयहरु

९. प्राविधिक सर्त पूरा गर्नुपर्ने : (१) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रले ग्रिड संहिता र अनुसूची-३ बमोजिमको सञ्चालन सम्बन्धी प्राविधिक सर्त पूरा गर्नुपर्नेछ।

(२) ग्रिड संहितामा उल्लेख भए बाहेकका सर्तको मान (भ्याल्यु) प्रणालीगत आवश्यकताका आधारमा प्रणाली सञ्चालकले निर्धारण गरेबमोजिम हुनेछ।

१०. नियन्त्रण गर्न सकिने र नसकिने विषयहरु : (१) विद्युत् खरिद बिक्री दर निर्धारण, पुनः निर्धारण वा पुनरावलोकन गर्ने प्रयोजनका लागि नियन्त्रण गर्न सकिने र नियन्त्रण गर्न नसकिने गरी दुई प्रकारका विषय रहनेछन्।

(२) विद्युत् विक्रीकर्ताको स्वयमको नियन्त्रण भन्दा बाहिर रहेको र आफ्नो अधिकतम प्रयासले समेत सो विषयको प्रभावलाई रोकथाम वा नियन्त्रण गर्ने अवस्था नरहेको देहाय बमोजिमका विषयहरु नियन्त्रण गर्न नसकिने विषयहरु हुनेछन्ः

(क) काबु बाहिरको परिस्थिति,

(ख) कानूनमा परिवर्तन,

(ग) दीर्घकालीन ऋणको ब्याजको आधार दरमा परिवर्तन।

(३) नियन्त्रण गर्न सकिने विषय अन्तर्गत उपदफा (२) बमोजिमको नियन्त्रण गर्न नसकिने विषय बाहेकका विषय रहनेछन्। विद्युत् खरिद बिक्री दर निर्धारण, पुनः निर्धारण वा पुनरावलोकन सम्बन्धमा नियन्त्रण गर्न सकिने केही विषयहरु देहायबमोजिम रहेका छन्ः

(क) विद्युत् विक्रीकर्ता, ठेकेदार, आपूर्तिकर्ता वा कुनै प्रतिनिधि (एजेन्ट) का कारण जलाशययुक्त उत्पादन केन्द्रको निर्माण कार्यमा विलम्ब हुनु,

(ख) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको स्वीकृत दायरा (स्कोप) परिवर्तन, कानूनमा परिवर्तन एवम् काबु बाहिरको परिस्थिति भए बाहेक जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको

निर्माण दक्षतापूर्ण भए नभएको विषय,

(ग) समय वा लागत वृद्धिका कारण पूँजीकरणमा फरक पार्ने विषय,

(घ) निर्माण गुणस्तर कायम राख्नुपर्ने विषय।

११. नियन्त्रण गर्न सकिने र नसकिने विषयहरुको प्रभाव : (१) दफा १० बमोजिमको नियन्त्रण गर्न नसकिने विषयहरुका कारण जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको निर्माण लागतमा वृद्धि हुने वा निर्माण अवधिको कुल व्याज खर्च वृद्धि हुने वा व्यापारिक उत्पादन मिति पछि सर्ने भएमा त्यस्ता विषयका कारण वृद्धि हुने लागतलाई दफा ४ को उपदफा (३) ले तोकेको भन्दा बढी नहुने गरी विद्युत् खरिद बिक्री दर पुनः निर्धारण र वृद्धि हुने समयलाई व्यापारिक उत्पादन सुरु हुनु पर्ने मिति संसोधनको लागि स्वीकृत गर्न सकिनेछ।

तर, यस दफामा नियन्त्रण गर्न नसकिने विषयहरुका कारण विद्युत् खरिद बिक्री दर तथा व्यापारिक उत्पादन सुरु हुनु पर्ने मिति पुनः निर्धारण गर्दा सो विषयहरुको कारण आयोजनामा वास्तविक रुपमा प्रभाव पर्ने वा परेको प्रमाणित गर्ने विवरणहरु आयोगसमक्ष पेस भई आयोगद्वारा स्वीकृत हुनुपर्नेछ।

(२) दफा १० बमोजिमको नियन्त्रण गर्न सकिने विषयहरुका कारण जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको निर्माण लागतमा वृद्धि हुने वा निर्माण अवधिको कुल व्याज खर्च वृद्धि हुने वा व्यापारिक उत्पादन मिति पछि सर्ने भएमा विद्युत् खरिद बिक्री दर तथा व्यापारिक उत्पादन सुरु हुनु पर्ने मिति पुनः निर्धारण हुने छैन।

## परिच्छेद - ४

## वित्तीय विश्लेषण तथा विद्युत् खरिद बिक्री दरको निर्धारणका आधार

१२. विद्युत् खरिद बिक्री दर निर्धारणका आधार : विद्युत्को खरिद बिक्री दर निर्धारण गर्ने प्रयोजनका लागि देहायका आधारहरु हुने छन्:

(क) ह्रास कट्टी,

(ख) दीर्घकालीन तथा मानक ऋणको ब्याज,

(ग) सञ्चालन तथा सम्भार खर्च,

(घ) स्वपूँजी लगानी बापतको प्रतिफल,

(ङ) चालु पूँजीको व्याज,

(च) विदेशी मुद्रा विनिमय बापतको खर्च,

(छ) रोयल्टी,

(ज) आयकर।

१३. ह्रास कट्टी : (१) सम्पत्तिको ह्रास कट्टीका लागि लिइने आधार मूल्य त्यस्तो सम्पत्तिको वास्तविक लागत (हिस्टोरिकल कस्ट) बमोजिम हुनेछ।

(२) सम्पत्तिको ह्रास कट्टीको गणना गर्दा व्यापारिक उत्पादन शुरु हुने मितिदेखि आयोजनाको विद्युत् उत्पादन अनुमतिपत्र बहाल रहने मितिसम्मको अवधिका आधारमा समानुपातिक रुपमा स्ट्रेट लाइन विधि बमोजिम वार्षिक रुपमा गर्नु पर्नेछ।

(३) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको खरिद बिक्री सम्झौता वा अनुमतिपत्रको अवधिको अन्त्य पश्चात त्यस्तो उत्पादन केन्द्र नेपाल सरकार वा प्रचलित कानून बमोजिम अन्य कुनै निकायलाई शून्य लागतमा हस्तान्तरण गर्दा सञ्चालनमा रहने सम्पत्तिको अवशिष्ट मूल्य (रेजिड्युअल भ्याल्यु) हस्तान्तरणको मितिसम्म शून्य भइसक्ने गरी ह्रास कट्टी गर्नु पर्नेछ।

(४) विद्युत् खरिद बिक्री दर पुनरावलोकनको क्रममा उपदफा (१) बमोजिमको सम्पत्तिको वास्तविक लागत गणना गर्दा उपयुक्त तथा तर्कसङ्गत अतिरिक्त पूँजीगत कार्यलाई समेत समावेश गरिनेछ।

(५) आयोगले जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको सम्पत्ति (उपकरणसमेत) को आयु नतोक्दासम्म अनुमति प्राप्त व्यक्तिले उपकरणको आपूर्तिकर्ताले उपलब्ध गराई प्रमाणित गरेको आयु सम्बन्धी विवरण सम्पत्तिको ह्रासकट्टी गणना गर्ने प्रयोजनका लागि प्रयोग गर्नु पर्नेछ।

(६) ह्रास कट्टीका सम्बन्धमा यो निर्देशिकामा उल्लेख नभएका व्यवस्थाको सम्बन्धमा लेखाका सर्वमान्य र प्रचलित सिद्धान्त बमोजिम हुनेछ।

१४. दीर्घकालीन ऋणको व्याज : (१) दफा ३ बमोजिम विद्युत् खरिद बिक्री दर निर्धारण प्रयोजनका लागि जलाशययुक्त विद्युत् उत्पादन केन्द्र निर्माणका लागि लिइने दीर्घकालीन ऋणको ब्याज गणना गर्दा नेपाल राष्ट्र बैंकले सार्वजनिक गर्ने नेपालका सबै वाणिज्य बैंकहरु ("क" बर्ग) को आधार दर (बेस रेट) सम्बन्धी विवरण अनुरुप गणना गरिएको पछिल्लो पाँच आर्थिक वर्षको औसत आधार दर (बेस रेट) मा एक सय आधार विन्दु (बेसिस पोइन्ट) थप गरी निर्धारण गरिनेछ।

तर, अन्तर्राष्ट्रिय संघ संस्थाबाट दीर्घकालीन ऋण लिई जलाशययुक्त विद्युत् उत्पादन केन्द्र निर्माण

हुने अवस्थामा विगतमा त्यस प्रकृतिका संस्थाबाट जलविद्युत् आयोजनाहरुमा नेपाल सरकार वा नेपाल सरकारको लगानी रहेका सङ्गठित संस्थाले प्राप्त गरेको ऋणको व्याजदरका आधारमा दीर्घकालीन ऋणको ब्याज दर निर्धारण गरिनेछ।

(२) दफा ४ र ५ बमोजिम विद्युत् खरिद बिक्री दर पुनः निर्धारण वा पुनरावलोकन गर्दा दीर्घकालीन ऋण सम्झौतामा उल्लेख भए बमोजिमको ब्याजदरका आधारमा दीर्घकालीन ऋणको ब्याज दर निर्धारण गरिनेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि प्रयोग गरिने ब्याजदर परिवर्तनशील (फ्लोटिङ्) भएमा स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट लिइएको ऋणको हकमा उपदफा (१) बमोजिम र अन्तर्राष्ट्रिय संघ-संस्थाबाट लिइएको हकमा पछिल्लो पाँच वर्षको वार्षिक सेक्युर्ड ओभरनाइट फाइन्यान्स रेट (सोफर) वा दर निर्धारणका लागि निवेदन पेश भएको मितिमा कायम सोफर दरमध्ये जुन कम छ सो दरमा एक सय आधार विन्दु थप गरी निर्धारण गरिनेछ।

(४) विद्युत् बिक्रीकर्ताले विभिन्न माध्यमबाट दीर्घकालीन ऋणहरु लिने भएमा त्यस्ता ऋणहरुको भारित औसतका आधारमा व्याजको दर निर्धारण गर्न सकिनेछ।

(५) प्रारम्भिक वित्तीय विश्लेषणको लागि जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको व्यापारिक उत्पादन सुरु भएको मितिको तीन महिना पछिको अवधिपश्चात मात्रै ऋणको साँवा वापतको किस्ता चुक्ता गर्न सुरु भएको मानिनेछ।

तर, दफा ४ र ५ बमोजिम विद्युत् खरिद बिक्री दर पुनः निर्धारण वा पुनरावलोकन गर्दा दीर्घकालीन ऋण सम्झौतामा उल्लेख भएको अवधि पश्चात ऋणको किस्ता चुक्ता गर्न सुरु भएको मानिनेछ।

(६) अल्पकालीन ऋण तथा अन्य प्रयोजनका लागि लिइएको ऋणको व्याजबापतको रकम यस दफाबमोजिम व्याजको गणनाको लागि प्रयोग गरिने छैन।

(७) दफा २३ को उपदफा (१) बमोजिम तोकिएको ऋण-स्वपूँजी अनुपात भन्दा अधिक हुने गरी स्वपूँजी लगानी भएमा त्यसरी तोकिएको भन्दा अधिक स्वपूँजीलाई मानक (नर्म्याटिभ) ऋण मानी दिर्घकालीन ऋण भुक्तानी अवधि भरीमा त्यस्तो मानक ऋणवापत ऋण भुक्तानीको भारित औसत अवधि भरीका लागि उपदफा (१) बमोजिमको औसत ब्याज दरको आधारमा व्याज प्रदान गर्ने गरी खरिद बिक्री दर गणना गरिनेछ।

तर,

(क) त्यस्तो ब्याज रकम नेपाली रुपैयाँमा गणना गरिनेछ।

(ख) दीर्घकालीन ऋण चुक्ता अवधि समाप्त भए पश्चात त्यस्तो अतिरिक्त स्वपूँजी वापत कुनै ब्याज वा प्रतिफलको गणना गरिने छैन।

(८) विद्युत् खरिद बिक्री दर पुनरावलोकनको क्रममा अघिल्लो पाँच बर्षे अवधिका लागि प्रक्षेपित दीर्घकालीन ऋण खर्चको तुलनामा वास्तविक दीर्घकालीन ऋण खर्च फरक पर्न गएमा वास्तविक दीर्घकालीन ऋण खर्चलाई आधार लिइनेछ।

१५. सञ्चालन तथा सम्भार खर्च : (१) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको सञ्चालन तथा सम्भार खर्चमा देहायबमोजिमका खर्चहरु रहनेछन्:

(क) कर्मचारीको तलब, भत्ता, सेवा, सुविधा, वृत्ति विकास, आदि बापतको खर्च,

(ख) उपकरणको आवधिक मर्मत तथा सम्भार खर्च,

(ग) सिभिल संरचनाहरुको आवधिक मर्मत सम्भार खर्च,

(घ) वातावरणीय एवम् नियामकीय अनुपालन सम्बन्धी दस्तुर, कानूनी शुल्क, आदि,

(ङ) इन्धन, विद्युत् तथा जलसम्बन्धी खर्च,

(च) प्रणाली सञ्चालन तथा प्रसारण दस्तुर (कुनै भए)

(छ) बिमा खर्च,

(ज) प्रशासनिक खर्च एवम् ओभरहेडहरु,

(झ) मौज्दातहरु,

(ञ) धरौटी तथा बैंक ग्यारेन्टीबापतको लागतहरु,

(ट) अन्य स्वीकार्य चालु प्रकृतिका खर्चहरु।

(२) सञ्चालन तथा सम्भार खर्चबापत व्यापारिक उत्पादन शुरु भएको आर्थिक वर्षको लागि दुई सय मेगावाट भन्दा अधिक क्षमताका जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको हकमा जलाशययुक्त विद्युत् उत्पादन केन्द्र निर्माणको पूँजीगत लागतमध्ये दफा २१ को उपदफा (१) को खण्ड (क) देखि खण्ड (ग) सम्मको रकमको अधिकतम एक दशमलब पाँच प्रतिशत छुट्याइने छ भने दुई सय मेगावाट भन्दा कम क्षमताका जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको हकमा अधिकतम दुई प्रतिशत छुट्याइनेछ।

तर विद्युत् खरिद बिक्री दर पुनरावलोकनको क्रममा अघिल्लो पाँच बर्षे अवधिका लागि प्रक्षेपित सञ्चालन तथा सम्भार खर्चभन्दा वास्तविक सञ्चालन तथा सम्भार खर्च फरक पर्न गएमा उल्लेखित दायरा भन्दा बढी नहुने गरी वास्तविक सञ्चालन तथा सम्भार खर्चलाई आधारमा लिइनेछ।

(३) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको विद्युत् खरिद बिक्री दर निर्धारण, पुनः निर्धारण, पुनरावलोकन गर्दा प्रत्येक वर्षको सञ्चालन तथा मर्मत खर्च अघिल्लो आर्थिक वर्षको तुलनामा देहायबमोजिम निर्धारण गरिएको दरले वृद्धि (इस्क्यालेसन) भएको मानिनेछः

| |
|---|
| वार्षिक वृद्धि दर = ०.७० X उपभोक्ता मुल्य सूचकाङ्क५ + ०.३० X थोक मुल्य सूचकाङ्क५ |

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि :-,

(क) उपभोक्ता मुल्य सूचकाङ्क५ भन्नाले नेपाल राष्ट्र बैंकद्वारा जारी उपभोक्ता मूल्य सूचकाङ्क (कन्ज्युमर प्राइस इन्डेक्स) मा भएको सन्दर्भ वर्ष भन्दा पाँच वर्ष अघि देखि सन्दर्भ वर्षको अघिल्लो वर्ष सम्मको वार्षिक वृद्धिको औसत सम्झनु पर्छ।

(ख) थोक मुल्य सूचकाङ्क५ भन्नाले नेपाल राष्ट्र बैंकद्वारा जारी थोक मूल्य सूचकाङ्क (होलसेल प्राइस इन्डेक्स) मा भएको सन्दर्भ वर्ष भन्दा पाँच वर्ष अघि देखि सन्दर्भ वर्षको अघिल्लो वर्ष सम्मको वार्षिक वृद्धिको औसत सम्झनु पर्छ।

१६. स्वपूँजी लगानी बापतको प्रतिफल : (१) अनुमतिपत्र प्राप्त व्यक्तिको लागि दफा २३ बमोजिम निर्धारण गरिएको स्वपूँजीमा स्वपूँजी लगानी बापतको प्रतिफल गणना गरिनेछ र जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको लागि स्वपूँजी लगानी बापतको वार्षिक प्रतिफल (रिटर्न अन इक्विटी) को दर आयोगले विवेकसम्मत परीक्षण गरी अधिकतम सत्र प्रतिशतसम्म तोक्न सक्नेछ। यसरी आयोगले विवेकसम्मत परीक्षण गर्दा जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको निर्माणमा पुँजीगत खर्चको प्रभावकारिता, अनुमानित दरको प्रभाव र समान किसिमका आयोजनाहरुमा कायम वार्षिक प्रतिफल दर र विद्युत् खरिद बिक्रि दरलाई समेत मध्यनजर गर्नुपर्नेछ।

(२) दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिम विद्युत् खरिद बिक्री दर पुनः निर्धारण गर्दा वा दफा ५ बमोजिम पुनरावलोकन गर्दा दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिम पुनः निर्धारण गरिएको दर भन्दा बढी दर हुने अवस्था देखिएमा देहाय बमोजिम गरिनेछः

(क) विद्यमान दरमा दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिम पुनः निर्धारण गर्दा गरिएको वित्तीय विश्लेषणमा प्रयोग भएको डिस्काउण्ट रेट प्रयोग गरी आयोजना सञ्चालन अवधिभरिको स्वपूँजीको इन्टर्नल रेट अफ रिटर्न (आई.आर.आर.) दश प्रतिशत भन्दा

कम हुने अवस्था नभएसम्म विद्युत् खरिद बिक्री दर वृद्धि हुने गरी पुनः निर्धारण वा पुनरावलोकन गरिने छैन।

(ख) खण्ड (क) बमोजिम गणना गर्दा स्वपूँजीको इन्टर्नल रेट अफ रिटर्न (आई.आर.आर.) दश प्रतिशत भन्दा कम हुने अवस्था भएमा सोही डिस्काउण्ट रेट प्रयोग गरी उपदफा (१) मा तोकिएको वार्षिक प्रतिफल दरको सीमा भित्र रही आयोजना सञ्चालन अवधिभरिको स्वपूँजीको इन्टर्नल रेट अफ रिटर्न (आई.आर.आर.) दश प्रतिशतसम्म हुने गरी विद्युत् खरिद बिक्री दर वृद्धि हुने गरी पुनः निर्धारण वा पुनरावलोकन गर्न सकिनेछ।

१७. चालु पूँजी ऋणको व्याज : (१) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको सञ्चालनका लागि लिइने चालु पूँजी ऋणको ब्याज गणना गर्दा नेपाल राष्ट्र बैंकले सार्वजनिक गर्ने नेपालका सबै वाणिज्य बैंकहरु ("क" बर्ग) को आधार दर (बेस रेट) सम्बन्धी विवरण अनुरुप गणना गरिएको पछिल्लो पाँच आर्थिक वर्षको औसत आधार दर (बेस रेट) मा एक सय पचास आधार विन्दु (बेसिस पोइन्ट) थप गरी निर्धारण गरिनेछ।

(२) विद्युत् खरिद बिक्री दर निर्धारण, पुनः निर्धारण वा पुनरावलोकन प्रयोजनको लागि जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको चालु पूँजी रकमको आवश्यकता देहायबमोजिमको रकम भन्दा बढी हुने छैनः

(क) एक महिनाको लागि पर्याप्त हुने कर्मचारीको खर्चसहितको सञ्चालन र मर्मत (अपरेसन एण्ड मेन्टेनेन्स) रकम,

(ख) सञ्चालन र मर्मत (अपरेसन एण्ड मेन्टेनेन्स) खर्चको बीस प्रतिशत हुने गरी गणना गरिएको सम्भार मौज्दात (मेन्टेनेन्स स्पेयर) बराबरको रकम, र

(ग) विद्युत् खरिद बिक्री दरको आधारमा गणना गरिएको पैंतालिस दिनको अपेक्षित आय बराबरको रकम।

स्पष्टीकरणः "सञ्चालन र मर्मत खर्च" अन्तर्गत रोयल्टी बापतको रकम समावेश गरिने छैन।

(३) यो निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ५ बमोजिम खरिद बिक्री दर पुनरावलोकन गर्दा चालु पुँजी ऋणको वास्तविक ब्याज दर उपदफा (१) बमोजिम निर्धारण गरिएको व्याजदर भन्दा बढी भएको अवस्थामा उपदफा (१) बमोजिम निर्धारण गरिएको ब्याज दर नै प्रयोग हुनेछ।

तर, वास्तविक ब्याजदर उपदफा (१) बमोजिम निर्धारण गरिएको ब्याजदर भन्दा कम भएमा

खरिद बिक्री दर पुनरावलोकन प्रयोजनको लागि वास्तविक ब्याजदर नै प्रयोग गरिनेछ।

१८. विदेशी मुद्रा विनिमय बापतको खर्च : (१) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको लागि विदेशी मुद्रामा लिइएको दीर्घकालीन ऋणको व्याज र साँवा भुक्तानीका लागि हेजिङ्ग गरिएको अवस्थामा हेजिङ्गका व्यवस्था र हेजिङ्ग बापतको खर्चको गणना नेपाल सरकारको हेजिङ्ग सम्बन्धी प्रचलित कानून अनुरुप हुनेछ र जलाशययुक्त उत्पादन केन्द्रले व्यहोर्नु पर्ने त्यस्तो हेजिङ्ग शुल्कलाई विद्युत् बिक्री दर निर्धारण, पुनः निर्धारण वा पुनरावलोकनका क्रममा समावेश गर्न सकिनेछ। यसरी हेजिङ्ग बापतको खर्च समावेश भएको अवस्थामा विदेशी मुद्रा विनिमय बापतको अन्य कुनै पनि खर्चलाई दर निर्धारण गर्दा गणना गरिने छैन।

(२) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको उपदफा (१) बमोजिमको हेजिङ्ग नभएको अवस्थामा विदेशी मुद्रामा लिइएको दीर्घकालीन ऋण वापतको साँवा तथा ब्याज भुक्तानीको दायित्व वापतको वैदेशिक विनिमय खर्च विद्युत् खरिद बिक्री दर निर्धारण, पुनः निर्धारण वा पुनरावलोकनका क्रममा समावेश गरिनेछ।

तर त्यस्तो विदेशी विनिमय वापतको खर्च गणना गर्दा भुक्तानी गर्दाको अवस्थामा भुक्तानी गरिएको मिति र दायित्व लेखाङ्कन गर्दाको अवस्थामा सम्बन्धित आर्थिक वर्षको अन्त्यबाट पछिल्लो दश वर्ष अवधिको नेपाली रुपैयाँ र सम्बन्धित विदेशी मुद्रा बीचको विनिमय दरको अवमुल्यनको चक्रीय वार्षिक वृद्धि दर प्रतिशतसम्म मात्र वार्षिक रुपमा दर निर्धारण प्रयोजनका लागि गणना गर्न सकिनेछ।

(३) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको विदेशी मुद्रामा रहेको ऋण दायित्व वापत कुनै आर्थिक वर्षमा विदेशी मुद्रा विनिमय वापतको नाफा देखिएको अवस्थामा सो नाफा रकमबाट पछिल्लो पाँच वर्ष भित्र दर निर्धारण गर्दा उपदफा (२) बमोजिम तोकिएको सीमा बाहिरको गणना नगरिएको विदेशी मुद्रा विनिमय वापतको खर्च घटाई बाँकी रकम अन्य आम्दानीको रुपमा दर निर्धारणमा गणना गरिनेछ।

१९. रोयल्टी : जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको अनुमतिपत्रमा उल्लेख भए बमोजिमको रोयल्टीको गणना प्रचलित कानूनले तोके बमोजिम गरिनेछ।

२०. आयकर : आयकरको गणना प्रचलित कानूनले तोके बमोजिम गरिनेछ।

२१. निर्माणको पूँजीगत लागत : (१) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रजलाशययुक्त विद्युत् उत्पादन केन्द्रहरुको विद्युत् खरिद बिक्री सम्झौता तथा विद्युत् खरिद बिक्री दर निर्धारण, पुनः निर्धारण तथा पुनरावलोकनका लागि निर्माणको पूँजीगत लागत अन्तर्गत देहाय बमोजिमका रकमहरु रहनेछन्:

(क) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रका लागि आवश्यक जग्गा खरिद तथा निर्माणको

अवधिमा भाडाबापतको रकम,

(ख) निर्माण-पूर्वको अनुमतिपत्र, विद्युत् खरिद बिक्री सम्झौता, आयोजना अध्ययन, भौतिक संरचना निर्माण, आदि सम्बन्धी गतिविधिको रकम,

तर अनुपतिपत्र प्रदान गर्ने निकाय बाहेक अन्य व्यक्ति वा अनुमतिपत्र प्राप्त व्यक्तिसँग अनुपतिपत्र खरिद बिक्री गरेको अवस्थामा सो सँग सम्बन्धित खर्चहरु आयोगले विवेकसम्मत परीक्षण पश्चात कायम भएबमोजिम हुनेछ।

(ग) पूँजीगत कार्य (संरचना र उपकरणहरु जस्तै बाँध, जलाशय, इन्टेक, सुरुङ, विद्युत् गृह, स्विचयार्ड/सबस्टेसन निर्माण र त्यसमा रहेको उपकरण तथा मेसिनरी जडानको लागत, स्वीचयार्ड/सबस्टेशन देखि राष्ट्रिय प्रसारण ग्रिड/सबस्टेसनसम्मको विद्युत् प्रसारण लाइन निर्माण, तथा जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको परीक्षण, आदि) बापतको रकम,

(घ) निर्माण अवधिको इञ्जिनियरिङ्ग, सुपरभिजन तथा अनुगमन कार्य सम्बन्धी खर्चको रकम,

(ङ) जलाशययुक्त विद्युत् उत्पादन केन्द्र सञ्चालन पूर्वको व्यवस्थापन खर्चको रकम,

(च) भैपरी (कन्टिन्जेन्सी) लागत वापतको रकम,

तर व्यापारिक उत्पादन सुरु भइसकेपछि दफा ५ वमोजिम विद्युत्को खरिद बिक्री दर पुनरावलोकन गर्दा यस्तो खर्च समावेस गरिने छैन ।

(छ) पुनर्वास, पुनर्स्थापना तथा वातावरणीय प्रभाव न्यूनीकरणसम्बन्धी रकम,

(ज) प्रारम्भिक मौज्दात् (स्पेयर) बापतको रकम,

(झ) निर्माण अवधिको व्याज, विदेशी मुद्रा विनिमयवापतको खर्च तथा अन्य वित्तीय खर्चको रकम।

(२) यो निर्देशिका बमोजिम विद्युत् खरिद बिक्री दर निर्धारणका लागि वित्तीय विश्लेषण गर्दा विद्युत् विकास विभागले जारी गरेका मापदण्ड (गाइडलाइन) बमोजिम तयार गरिएको जलाशययुक्त जलविद्युत् उत्पादन केन्द्रको सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लिखित पूँजीगत खर्च, विद्युत् खरिद बिक्री दरमा प्रथम पटकको पुनः निर्धारण गर्दा प्रमुख संरचनाहरुको ठेक्का सम्झौताबमोजिमको रकम र व्यापारिक उत्पादन सुरु भएको मिति पश्चात कायम भएको दफा ४ उपदफा (३) बमोजिमको पूँजीगत लागतलाई जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको पूँजीगत खर्च गणनाको प्रमुख आधारको रुपमा लिनु पर्नेछ।

२२. <u>अतिरिक्त पूँजीगत कार्यसम्बन्धी व्यवस्था</u> : (१) दफा ५ बमोजिम विद्युत् खरिद बिक्री दरको पुनरावलोकन गर्दा प्रस्तावित गरिएको वा भइसकेको अतिरिक्त पूँजीगत कार्य बापतको खर्च समेतलाई आधारमा लिन सकिनेछ।

तर, काबु बाहिरको परिस्थिति बाहेकका अवस्थामा व्यापारिक उत्पादन सुरु भएको मितिले पन्ध्र वर्षभित्रको अवधिमा हुने अतिरिक्त पूँजीगत कार्य बापतको कुनै पनि लागतलाई दर निर्धारण प्रयोजनको लागि प्रयोग गरिने छैन।

(२) विद्युत् बिक्रीकर्ताले विद्युत् खरिद बिक्री दरको पुनरावलोकनको लागि उपदफा (१) बमोजिमको अतिरिक्त पूँजीगत कार्य देहायबमोजिमका कुनै अवस्थाहरुमा मात्र विद्युत् खरिदकर्ताले प्रस्तावित अतिरिक्त पूँजीगत खर्च आधारमा लिइनेछ।

(क) बाढी, पहिरो, भूकम्प, आदि लगायत भवितव्यका कारण सिर्जित परिस्थितिहरुका कारण भएको क्षति पश्चात जलाशययुक्त विद्युत् उत्पादन केन्द्रलाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन थप लगानी आवश्यक देखिएमा,

(ख) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रमा हुने सम्भावित क्षति न्यूनीकरण गर्न आवश्यक देखिएमा,

(ग) अनुमतिपत्र अवधि भर जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको सञ्चालन सुनिश्चित गर्न।

(३) उपदफा (१) बमोजिमको अतिरिक्त पूँजीगत कार्य बापतको खर्च पचास करोड रकमसम्म भएमा आयोगको पूर्व-स्वीकृति बिनै गर्न सकिनेछ र त्यस पश्चात हुने पुनरावलोकनको समयमा आवश्यक जाँचबुझ पश्चात आयोगले स्वीकृत गर्न सक्नेछ।

तर,

(क) पचास करोड रकमसम्मको अतिरिक्त पूँजीगत कार्यका लागि अतिरिक्त पूँजीगत लगानी गर्नु पर्ने कारण र सो सम्बन्धि प्रतिवेदन सहित विद्युत् खरिदकर्ता र आयोगलाई उक्त कार्य गर्न सुरु गर्न लागेको जानकारी पेस गरी कार्य सुरु गर्न सकिनेछ।

(ख) पचास करोड रकम माथिको जुनसुकै अतिरिक्त पूँजीगत कार्य गर्नु पर्दा अतिरिक्त पूँजीगत लगानी गर्नु पर्ने कारण र सो को प्रतिवेदन सहित आयोगको पूर्व-स्वीकृतिको लागि पेस गर्नु पर्नेछ।

(ग) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि काबु बाहिरको परिस्थितिबाट

सिर्जित अवस्थाका कारण अतिरिक्त पुँजीगत कार्य गर्नुपर्ने देखिएमा त्यस्तो कार्य गर्नु पर्ने कारण खुलाई सो को प्रतिवेदन सहित विद्युत् खरिदकर्ता र आयोगलाई जानकारी गराई कार्य अगाडी बढाउन सक्नेछ।

२३. ऋण-स्वपूँजी अनुपात : (१) विद्युत् खरिद बिक्री दर निर्धारण, पुनः निर्धारण तथा पुनरावलोकनको प्रयोजनका लागि जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको निर्माणमा लगानी हुने वा भएको ऋण र स्वपूँजीको अनुपात तय गर्दा स्वपूँजीको प्रतिशत तीस प्रतिशत भन्दा बढी हुने छैन।

तर, स्वपूँजी प्रतिशत तीस प्रतिशतभन्दा अधिक भएमा विद्युत् खरिद बिक्री दर निर्धारण, पुनः निर्धारण तथा पुनरावलोकनको प्रयोजनका लागि स्वपूँजीको प्रतिशत तीस प्रतिशत मानिनेछ।

(३) वैदेशिक मुद्रामा स्वपूँजी लगानी गरिएको अवस्थामा विद्युत् खरिद बिक्री दर निर्धारण प्रयोजन, पुनः निर्धारण तथा पुनरावलोकनको लागि त्यस्तो लगानी तय भएको मितिको विनिमय दरले हुन आउने नेपाली रुपैयाँलाई स्वपूँजीको रुपमा लिनु पर्नेछ।

(४) दफा २२ बमोजिमको अतिरिक्त पुँजीगत कार्य गर्दा समेत यस दफा अनुरुपको व्यवस्था लागू हुनेछ।

२४. ऊर्जा तालिका : (१) विद्युत् खरिद बिक्री दर निर्धारणको लागि निवेदन दिँदा विद्युत् बिक्रीकर्ताले विद्युत् खरिदकर्तासमक्ष ऊर्जा तालिका समेत प्रस्ताव गर्नेछ।

(२) वातावरणीय वहाव वा अन्य कुनै कारणले निरन्तर छोड्नु पर्ने पानीलाई प्रयोग गरी विद्युत् उत्पादन गरेमा सोका लागि अलगै ऊर्जा तालिका बनाउनु पर्नेछ।

(३) विद्युत् खरिदकर्ताले उपदफा (१) र (२) बमोजिमको प्रस्तावित ऊर्जा तालिकाको अध्ययन गरी विद्युत् खरिद बिक्री सम्झौताको अधिनमा रही आवश्यक परिमार्जन गर्न सक्नेछ।

तर ऊर्जा तालिका परिमार्जन गर्नु परेमा त्यस्तो परिमार्जनको आधार तथा कारणसम्बन्धमा विद्युत् बिक्रीकर्तालाई लिखितमा जानकारी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको तालिका बमोजिम ऊर्जा उपलब्ध गराउनु विद्युत् बिक्रीकर्ताको जिम्मेवारी हुनेछ।

(५) दफा ५ बमोजिम विद्युत् खरिद बिक्री दरको पुनरावलोकन गर्दा उपदफा (३) बमोजिमको ऊर्जा तालिका संसोधन गर्न सकिनेछ।

(६) ऊर्जा तालिकामा देहाय बमोजिमको विवरणहरु समेत उल्लेख हुनुपर्नेछः

(क) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको जडित क्षमता (मेगावाट),

(ख) उत्पादन एकाइहरुको निरन्तर ओभरलोडिङ् गर्न सकिने क्षमता (प्रतिशत),

(ग) उत्पादन एकाइको संख्या तथा उत्पादन एकाइहरुको जडित क्षमता (मेगावाट),

(घ) उत्पादन एकाइहरुको टर्बाइन तथा जेनेरेटरको र दक्षता (इफीसीएन्सी) (प्रतिशत),

(ङ) प्रत्येक महिनाको खुद हेड (नेट हेड) तथा औसत वाहब (डिस्चार्ज),

(च) जलाशययुक्त विद्युत् उत्पादन केन्द्र पूर्ण क्षमतामा सञ्चालन हुन सक्ने अवधि (घण्टा),

(छ) मासिक औसत कुल उत्पादन क्षमता (मेगावाट) र मासिक कुल उत्पादन (मेगावाट-घण्टा)

(ज) कनेक्सन बिन्दुसम्मको प्रसारण लाइनको मासिक नोक्सानी (मेगावाट-घण्टा),

(झ) मासिक करार ऊर्जा (मेगावाट-घण्टा),

(ञ) कुल सुख्खा तथा बर्षा यामको करार ऊर्जा (मेगावाट-घण्टा),

(ट) सुख्खा यामको लागि मासिक पिक र नन पिक अवधिमा उपलब्ध गराउने करार ऊर्जा (मेगावाट-घण्टा),

(ठ) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको आन्तरिक विद्युत् खपत,

(ड) वार्षिक उत्पादन उपलब्धताको मानक (नर्मेटिभ एनुअल प्लान्ट एभाइलेबिलिटि फ्याक्टर) र आउटेज सम्बन्धी विवरण,

(ढ) आवश्यक अन्य विषय।

स्पष्टीकरणः मासिक कुल उत्पादनको अर्थ कुनै उत्पादन एकाइ वा समग्र जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको पावर ट्रान्सफर्मरको हाइ-भोल्टेज साइडमा उपलब्ध हुने विद्युतीय ऊर्जाको परिमाण हुनेछ।

२५. आन्तरिक खपत : (१) विद्युत् खरिद बिक्री दर निर्धारण, पुनः निर्धारण वा पुनरावलोकन गर्दा ऊर्जा तालिकामा जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको आन्तरिक खपत उत्पादन केन्द्रको मासिक कुल उत्पादन (मेगावाट) को प्रतिशतभन्दा बढी नहुने गरी देहायबमोजिम गणना गरिनेछः

| उत्पादन केन्द्रको प्रकार | जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको आन्तरिक खपत |
|---|---|

| | २०० मेगावाट भन्दा बढी जडित क्षमता | २०० मेगावाट सम्मको जडित क्षमता |
|---|---|---|
| सतहमा पावरहाउस भएका उत्पादन केन्द्र | | |
| १. स्ट्याटिक एक्साइटेसन सहितको जलाशययुक्त विद्युत् उत्पादन केन्द्र | १.० प्रतिशत | १.२ प्रतिशत |
| २. अन्य एक्साइटेसन प्रणाली सहितको जलाशययुक्त विद्युत् उत्पादन केन्द्र | ०.७ प्रतिशत | ०.७ प्रतिशत |
| भूमिगत पावरहाउस भएका उत्पादन केन्द्र | | |
| ३. स्ट्याटिक एक्साइटेसन सहितको जलाशययुक्त विद्युत् उत्पादन केन्द्र | १.२ प्रतिशत | १.३ प्रतिशत |
| ४. अन्य एक्साइटेसन प्रणाली सहितको जलाशययुक्त विद्युत् उत्पादन केन्द्र | ०.९ प्रतिशत | ०.९ प्रतिशत |

(२) उत्पादन केन्द्रसंग सम्बन्धित आवासगृह तथा निर्माण गतिविधिहरुका लागि प्रयोग गरिने ऊर्जा आन्तरिक खपत मानिने छैन।

(३) विद्युत् खरिद बिक्री दर पुनरावलोकनको क्रममा विगत ५ वर्षको यथार्थ आन्तरिक खपतको आधारमा उपदफा (१) बमोजिमको आन्तरिक खपत उपदफा (१) मा उल्लेख गरेभन्दा बढी नहुने गरी पुनरावलोकन गरिनेछ।

२६. कनेक्सन बिन्दुसम्मको प्रसारण लाइन नोक्सानी : विद्युत् खरिद बिक्री निर्धारण, पुनः निर्धारण वा पुनरावलोकन गर्दा ऊर्जा तालिकामा उत्पादन केन्द्र देखि राष्ट्रिय प्रसारण ग्रिडको कनेक्सन बिन्दुसम्म हुने प्रसारण लाइनमा हुने नोक्सानी (ट्रान्समिसन लस) विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेखित प्रसारण लाइन भोल्टेज, प्रसारण लाइनको लम्बाई, प्रसारण लाइनको सर्किट संख्या तथा प्रसारण लाइनमा प्रयोग हुने प्रवाहको तार (कन्डक्टर) को प्राविधिक विशेषता (टेक्निकल स्पेसीफिकेसन) का आधारमा निर्धारण गरिनेछ।

## परिच्छेद - ५

## विद्युत् खरिद बिक्री दर निर्धारण पद्धति

२७. विद्युत् खरिद बिक्री दर निर्धारण पद्धति र सो को छनौट : (१) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रबाट उत्पादित विद्युत्को खरिद बिक्री दरको निर्धारण एकल वा दुई भाग पद्धति अन्तर्गत निर्धारण हुन सक्नेछ।

(२) विद्युत् खरिदकर्ताले उपदफा (१) बमोजिम एकल वा दुई भाग मध्ये कुनै एक पद्धतिको छनौट गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम विद्युत् खरिदकर्ताले एकल भाग पद्धति बमोजिम विद्युत् खरिद गर्न चाहेमा विद्युत् बिक्रीकर्ताले जलाशययुक्त विद्युत् उत्पादन केन्द्रबाट उत्पादित ऊर्जा बापत मात्रको विद्युत् खरिद बिक्री दर प्राप्त गर्नेछ।

(४) उपदफा (२) बमोजिम विद्युत् खरिदकर्ताले दुई भाग पद्धति बमोजिम विद्युत् खरिद गर्न चाहेमा विद्युत् बिक्रीकर्ताले जलाशययुक्त विद्युत् उत्पादन केन्द्रबाट उत्पादित ऊर्जा बापतको विद्युत् खरिद बिक्री दर र जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको घोषित उपलब्धतामा रकम प्राप्त गर्नेछ।

(५) उपदफा (४) बमोजिम दुई भाग पद्धतिमा विद्युत् खरिद बिक्री दर निर्धारण भएता पनि दीर्घकालीन ऋण चुक्ताको अवधि समाप्त भएपश्चात विद्युत् खरिदकर्ताले एकल भाग पद्धतिमा विद्युत् खरिद गर्नु पर्नेछ।

(६) दफा २४ को उपदफा (२) बमोजिमको ऊर्जा तालिका अनुसारको वातावरणीय वहाव वा अन्य कुनै कारणले निरन्तर छोड्नु पर्ने पानीलाई प्रयोग गरी विद्युत् उत्पादन भएमा त्यस्तो विद्युत बापत नदी प्रवाही (आर.ओ.आर) जलविद्युत् आयोजना सरह विद्युत् खरिद बिक्री दर प्रदान गरिनेछ।

(७) उपदफा (६) बमोजिमको विद्युत् बिक्रीबापत प्राप्त हुने रकम एकल भाग पद्धति बमोजिम हुने विद्युत् खरिद बिक्रीको हकमा दफा २९ बमोजिमको बार्षिक स्थिर लागत र दुई भाग पद्धति बमोजिम हुने विद्युत् खरिद बिक्रीको हकमा दफा ३१ को उपदफा (२) बमोजिमको क्षमता मार्फत उठाइने वार्षिक स्थिर लागतमा घटाई गणना गर्नुपर्नेछ।

२८. <u>मौसमी दर लागू हुने</u> : दफा २७ को उपदफा (३) वा (४) बमोजिम विद्युत् खरिद बिक्री दर गणना गर्दा विद्युत् खरिद बिक्री दरको गणनाका लागि सुख्खा र वर्षायामको लागि अलग-अलग मौसमी दर लागू हुनेछ।

२९. <u>एकल भाग पद्धति अन्तर्गत वार्षिक स्थिर लागतको गणना</u> : जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको वार्षिक स्थिर लागत देहाय बमोजिमको योगफल बराबर हुनेछः

(क) ह्रासकट्टी,

(ख) दीर्घकालीन ऋण तथा मानक ऋणको व्याज,

(ग) संचालन तथा मर्मत खर्च,

(घ) चालु पूँजीको व्याज,

(ङ) स्वपूँजी लगानी बापतको प्रतिफल,

(च) विदेशी मुद्रा विनिमय बापतको खर्च,

(छ) रोयल्टी,

(ज) आयकर।

३०. एकल भाग पद्धति अन्तर्गत विद्युत् खरिद बिक्री दरको निर्धारण : (१) एकल भाग पद्धति अन्तर्गत बर्षा यामको विद्युत् खरिद दर प्रति युनिट देहायबमोजिम निर्धारण हुनेछः

$$= \frac{\text{जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको वार्षिक स्थिर लागत (रुपैयाँ)} \times \text{बर्षा यामका महिनाको संख्या}}{\text{बर्षा यामका महिनाको करार ऊर्जा (किलोवाट घण्टा)} \times \text{१२ (महिना)} \times \text{वार्षिक उत्पादन उपलब्धताको मानक प्रतिशत}}$$

(२) कुनै पनि वर्षका लागि सुख्खायामको विद्युत् खरिद दर प्रति युनिट देहायबमोजिम निर्धारण हुनेछः

$$= \frac{\text{जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको वार्षिक स्थिर लागत (नेपाली रुपैयाँ)} \times \text{सुख्खा यामका महिनाको संख्या}}{\text{सुख्खा यामका महिनाको करार ऊर्जा (किलोवाट घण्टा)} \times \text{१२ (महिना)} \times \text{वार्षिक उत्पादन उपलब्धताको मानक प्रतिशत}}$$

३१. दुई भाग पद्धति अन्तर्गत वार्षिक स्थिर लागत : (१) दुई-भाग पद्धतिमा सम्बन्धित विद्युत् बिक्रीकर्ताको वार्षिक स्थिर लागत अलग अलग रुपमा क्षमता र ऊर्जा मार्फत उठाइने गरी गणना गरिनेछ।

(२) उपदफा (१) बमोजिम क्षमता मार्फत उठाइने वार्षिक स्थिर लागत गणना गर्दा देहायबमोजिमका लागतहरु समेटिनेछ।

(क) ऋणको साँवाको वार्षिक किस्ता (ह्रासकट्टी रकमको हदसम्म),

(ख) दिर्घकालीन ऋणको ब्याज खर्च तथा मानक ऋणको ब्याज,

(ग) विदेशी मुद्रा विनिमय बापतको खर्च।

(३) उपदफा (१) बमोजिम ऊर्जा मार्फत उठाइने वार्षिक स्थिर लागत गणना गर्दा देहायबमोजिमका लागतहरु समेटिनेछ।

(क) चालु पूँजीको व्याज,

(ख) स्वपूँजी लगानी बापतको प्रतिफल,

(ग) मर्मत तथा सम्भार खर्च,

(घ) रोयल्टी,

(ङ) आयकर,

(च) ह्रासकट्टीमा ऋणको साँवाको वार्षिक किस्ता घटाई बाँकी हुने रकम।

३२. <u>दुई भाग पद्धतिअन्तर्गत दर निर्धारण</u> : (१) बर्षायामको प्रयोजनको लागि दुई भाग पद्धतिअन्तर्गत प्रति युनिट विद्युत् खरिद बिक्री बिक्री दरको निर्धारण देहायबमोजिम निर्धारण हुनेछः

$$= \frac{\text{ऊर्जा मार्फत उठाइने वार्षिक स्थिर लागत (नेपाली रुपैयाँ)} \times \text{बर्षा यामका महिनाको संख्या}}{\text{बर्षा यामका महिनाको करार ऊर्जा} \left(\text{किलोवाट घण्टा}\right) \times \text{१२ (महिना)} \times \text{वार्षिक उत्पादन उपलब्धताको मानक (प्रतिशत)}}$$

(२) सुख्खायामको प्रयोजनको लागि दुई भाग पद्धतिअन्तर्गत प्रति युनिट विद्युत् खरिद बिक्री बिक्री दरको निर्धारण देहायबमोजिम निर्धारण हुनेछः

$$= \frac{\text{ऊर्जा मार्फत उठाइने वार्षिक स्थिर लागत} \times \text{सुख्खा यामका महिनाको संख्या}}{\text{सुख्खायामका महिनाको करार ऊर्जा} \left(\text{किलोवाट घण्टा}\right) \times \text{१२ (महिना)} \times \text{वार्षिक उत्पादन उपलब्धताको मानक (प्रतिशत)}}$$

३३. <u>क्षमता मार्फत असुलिने वार्षिक स्थिर लागतको भुक्तानी</u> : (१) दफा ३१ को उपदफा (२) बमोजिम निर्धारण भएको रकमको भुक्तानी जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको मासिक औसत उपलब्धताका आधारमा विद्युत् खरिदकर्ताले विद्युत् बिक्रीकर्तालाई मासिक रुपमा भुक्तानी गर्नु पर्नेछ।

तर कुनै कारणबश प्रणाली सञ्चालकले विद्युत् उत्पादनको सेड्युलिङ् नगरेको कारणले मात्र दफा ३१ को उपदफा (२) बापतको रकम भुक्तानीबाट विद्युत् खरिदकर्ताले उन्मुक्ति पाउने छैन।

(२) उपदफा (१) बमोजिम कुनै पनि महिनामा विद्युत् बिक्रीकर्ताले प्राप्त गर्ने क्षमता मार्फत असुलिने वार्षिक स्थिर लागत देहायबमोजिम भुक्तानी गरिनेछः

$$= \frac{\text{क्षमता मार्फत असुलिने वार्षिक स्थिर लागत} \left(\text{रुपैयाँ}\right) \times \text{महिनामा दिनको संख्या} \times \text{सम्बन्धित महिनाको औसत उपलब्धता(प्रतिशत)}}{\text{वर्षमा दिनको संख्या} \times \text{वार्षिक उत्पादन उपलब्धताको मानक (प्रतिशत)}}$$

(३) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको कुनै पनि महिनाको औसत उपलब्धता प्रतिशतमा गणना गर्ने सुत्र देहाय बमोजिम हुनेछः

$$= \sum_{क=१}^{स} \frac{\text{क औं दिनको उपलब्ध क्षमता}}{\text{मासिक औसत कुल उत्पादन क्षमता} \times (१ - \text{आन्तरिक खपत} - \text{प्रसारण लाइनको नोक्सानी})}$$

<u>स्पष्टीकरण</u>: यस उपदफाको प्रयोजनका लागि :-

(क) "आन्तरिक खपत", "ट्रान्सफर्मर नोक्सानी" र "प्रसारण लाइनको नोक्सानी" प्रतिशतमा र "क औं दिनको उपलब्ध क्षमता" र "मासिक औसत कुल उत्पादन क्षमता" किलोवाटमा उल्लेख भएको सम्झनु पर्छ।

(ख) देहायका शब्दको अर्थ देहायबमोजिम हुनेछः

(अ) "स" भन्नाले उक्त महिनामा रहेका दिनको संख्या सम्झनु पर्छ।

(आ) "मासिक औसत कुल उत्पादन क्षमता" भन्नाले ऊर्जा तालिका बमोजिमको मासिक औसत कुल उत्पादन क्षमता सम्झनु पर्छ।

(इ) "क" भन्नाले महिनाका हरेक दिनको गणना सम्झनु पर्छ।

३४. <u>उपलब्ध क्षमताको घोषणा</u> : (१) विद्युत् बिक्रीकर्ताको ऊर्जा तालिकामा उल्लेख भए बमोजिम सम्बन्धित महिनाको मासिक कुल उत्पादन क्षमतामा त्यस्तो तालिकामा उल्लेख भएको समय (घण्टा) भरी पूर्ण क्षमतामा संचालन हुन सक्ने भएमा मात्र शत प्रतिशत उपलब्ध क्षमता घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम शत प्रतिशत पूर्ण क्षमता घोषणा गर्न नसकिने भएमा त्यस्तो अवधिभर निरन्तर उत्पादन गर्न सकिने क्षमताका आधारमा उपलब्ध क्षमताको घोषणा गर्नु पर्नेछ।

(३) कुनै पनि महिनाको मासिक औषत उपलब्धता गणना गर्न आवश्यक पर्ने उपदफा (१) वा उपदफा (२) बमोजिम प्रत्येक दिनको घोषित उपलब्ध क्षमता प्रणाली संचालकले विद्युत् खरिदकर्तालाई उपलब्ध गराउनु पर्नेछ।

(४) उपलब्धता घोषणा बराबर उत्पादन गर्न सक्ने क्षमता रहे वा नरहेको जाँच गर्न प्रणाली सञ्चालकले स्वयम् वा विद्युत् खरिदकर्ताको अनुरोधमा कम्तीमा एक टाइमब्लकको लागि जलाशययुक्त विद्युत् उत्पादन केन्द्र सञ्चालन गर्ने गरी आकस्मिक निर्देशन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम आकस्मिक निर्देशन दिएको अवस्थामा उत्पादन केन्द्रले घोषित उपलब्ध क्षमता बराबरको ऊर्जा (मेगावाट) डेलिभरी विन्दुमा प्रदान गर्न नसकेमा दफा ३२ बमोजिमको रकम गणना गर्ने प्रयोजनको लागि त्यस्तो निर्देशन दिएको अवधिमा पुष्टि भएको उपलब्धता (डेमोन्सट्रेटेड एभाइलेबिलिटि) बराबर मासिक औसत उपलब्धता मानिनेछ।

(६) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको कुनै उत्पादन एकाइको मर्मत सम्भार गर्नुपरेको अवस्थामा सम्बन्धित बिक्रीकर्ताले खरिदकता तथा प्रणाली संचालकलाई जानकारी दिनुपर्नेछ र त्यस्तो मर्मत सम्भार सकिए पश्चात समेत उक्त उत्पादन केन्द्रले यस दफा बमोजिम उपलब्ध क्षमता प्रमाणित गर्नुपर्नेछ।

३५. विद्युत् खरिद गर्नु पर्ने : (१) विद्युत् खरिदकर्ताले एकल भाग पद्धतिबमोजिमको दरका आधारमा विद्युत् खरिद बिक्री सम्झौता गरेपश्चात जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको व्यापारिक उत्पादन सुरु हुनु पर्ने मितिदेखि दफा ३० बमोजिम निर्धारित दरबमोजिम खरिद बिक्री सम्झौताको ऊर्जा तालिकामा उल्लेखित मासिक करार ऊर्जाभन्दा बढी नहुने गरी घोषणा गरेको विद्युत् खरिद गर्नुपर्नेछ।

(२) विद्युत् खरिदकर्ताले दुई भाग पद्धतिबमोजिमको विद्युत् खरिद बिक्री सम्झौता गरेपश्चात जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको विद्युत् व्यापारिक उत्पादन सुरु हुनु पर्ने मितिदेखि दफा ३२ बमोजिम निर्धारित दरबमोजिम आवश्यकता अनुसार विद्युत् खरिद गर्न सक्नेछ।

तर विद्युत् खरिदकर्ताले विद्युत् खरिद नगरेकै कारणले मात्र विद्युत् बिक्रीकर्ताले अन्यत्र विद्युत् बिक्री गर्न सक्ने छैन।

(३) विद्युत् खरिदकर्ताले दुई भाग पद्धतिबमोजिमको विद्युत् खरिद बिक्री सम्झौता गरेपश्चात खरिदकर्ताले बिक्रीकर्तालाई उपदफा (२) बमोजिमको शुल्कका अतिरिक्त जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको उपलब्धताको आधारमा दफा ३३ बमोजिमको रकम समेत प्रदान गर्नुपर्नेछ।

(४) व्यापारिक उत्पादन सुरु हुनु पर्ने मिति अगावै परीक्षण उत्पादन सम्पन्न भएको अवस्थामा विद्युत् खरिदकर्ताले आवश्यक भएको अवस्थामा व्यापारिक उत्पादन सुरु हुनु पर्ने मितिदेखि लागू हुने दरमा विद्युत् खरिद गर्न सक्नेछ।

(५) विद्युत् खरिद बिक्री सम्झौताको ढाँचा आयोगले तोकेबमोजिम हुनेछ।

(६) विद्युत् खरिद बिक्री सम्झौताको अधिकतम अवधि विद्युत् उत्पादन अनुमतिपत्रमा उल्लेख भए अनुसार हुनेछ।

## परिच्छेद - ६

## विविध

३६. पूरक सेवा (एन्सिलरी सर्भिसेस) प्रदान गर्नु पर्ने : (१) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रले प्रणाली

सञ्चालकको निर्देशनमा देहाय बमोजिमका पूरक सेवा प्रदान गर्नु पर्नेछः

(क) लोड-फलोइङ्,

(ख) स्पिनिङ तथा नन्-स्पिनिङ रिजर्भ,

(ग) रिएक्टिभ पावर सपोर्ट,

(घ) ब्ल्याक स्टार्ट,

(ङ) प्रणाली संचालकले तोकेका अन्य सेवा।

(२) पूरक सेवा (एन्सिलरी सर्भिसेस्) सम्बन्धी व्यवस्था आयोगले जारी गर्ने छुट्टै निर्देशिका बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम पूरक सेवा प्रदान गरे बापत विद्युत् बिक्रीकर्ताले कुनै अतिरिक्त शुल्क प्राप्त गर्ने छैन।

तर दुई भाग पद्धति अन्तर्गत विद्युत् विक्री गरिएको अवस्थामा पूरक सेवा बापत बिक्रीकर्ताले आयोगले तोके बमोजिमको रकम प्राप्त गर्नेछन्।

३७. सेड्युलिङ् र डिस्प्याच : जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको उत्पादनको सेड्युलिङ् र डिस्प्याच सम्बन्धी अन्य व्यवस्था ग्रिड कोडबमोजिम हुनेछ।

३८. विद्युत् खरिद बिक्री दरको सीमा : (१) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएता पनि एक सय मेगावाटसम्म क्षमता भएका जलाशययुक्त विद्युत् उत्पादन केन्द्रहरुको हकमा दफा १६ बमोजिमको स्वपूँजीको प्रतिफलको सीमा नरहने गरी विद्युत् खरिद बिक्री दर बर्षा यामको लागि वार्षिक औसत विद्युत् खरिद बिक्री दर रू. ८।४५ प्रति युनिट र सुख्खा यामको वार्षिक औसत विद्युत् खरिद बिक्री दर रू. १४।८० प्रति युनिट भन्दा नबढ्ने प्रस्ताव सहित दफा ३ बमोजिम विद्युत् खरिद बिक्री सम्झौताका लागि निवेदन पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका विद्युत् उत्पादन केन्द्रको हकमा दफा ४ बमोजिम विद्युत् खरिद बिक्री दर पुनः निर्धारण गर्दा र दफा ५ बमोजिम विद्युत् खरिद बिक्री दर पुनरावलोकन गर्दा उपदफा (१) मा तोकिएको दरको सीमा भन्दा नबढ्ने गरी दर पुनः निर्धारण वा पुनरावलोकन गरिनेछ।

३९. जलाशययुक्त विद्युत् उत्पादन केन्द्र कायम रहने : (१) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको संचालनको क्रममा दफा २ को उपदफा (१) को खण्ड (ड) को उपखण्ड (इ) बमोजिमको विद्युतीय ऊर्जा खरिदकर्तालाई प्रदान गर्न नसकेको अवस्थामा प्रदान गरेको सुख्खा यामको वास्तविक विद्युतीय ऊर्जालाई ३५% मानी आयोजनाबाट प्राप्त हुनुपर्ने कुल विद्युतीय ऊर्जाको परिमाण कम गरिनेछ।

(२) उपदफा (१) बमोजिम कम गरिएको कुल विद्युतीय ऊर्जाको परिमाणबाट सुख्खा यामको वास्तविक विद्युतीय ऊर्जा घटाइए पश्चात कायम हुने बर्षा यामको विद्युतीय ऊर्जाको परिमाण भन्दा बढी हुन आउने उक्त जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको बर्षा यामको विद्युतीय ऊर्जालाई अतिरिक्त ऊर्जा मानी त्यस्तो अतिरिक्त ऊर्जा बर्षा यामको लागि उक्त उत्पादन केन्द्रलाई लागू हुने दरको आधा दरमा खरिद गर्न सकिनेछ।

४०. व्याख्याको अधिकार : यस निर्देशिकाको व्याख्या गर्ने अधिकार आयोगमा निहित रहनेछ।

४१. विवाद समाधान : यो निर्देशिका बमोजिम निर्धारण हुने विद्युत् खरिद बिक्री दर र सम्पन्न हुने विद्युत् खरिद बिक्री सम्झौताका सम्बन्धमा उत्पन्न विवाद "विद्युत् नियमन आयोग विवाद समाधान सम्बन्धी विनियमावली, २०८२" बमोजिम समाधान हुनेछ।

४२. बाधा-अड्काउ समाधानको अधिकार : यो निर्देशिकाको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा ऐन तथा नियमावलीको विपरीत नहुने गरी त्यस्तो बाधा वा अड्काउको समाधान गर्ने अधिकार आयोगलाई हुनेछ।

४३. खारेजी र बचाउ : (१) विद्युत् खरिद बिक्री तथा अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तसम्बन्धी विनियमावली, २०७६ को अनुसूची– ५ को खण्ड (३) खारेज गरिएको छ।

(२) विद्युत् खरिद बिक्री तथा अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तसम्बन्धी विनियमावली, २०७६ को अनुसूची– ५ को खण्ड (३) बमोजिम भएका कामकारवाहीहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ।

अनुसूची– १

(दफा ३ सँग सम्बन्धित)

निवेदनसंग पेश गर्नुपर्ने कागजात

(क) विद्युत् बिक्रीकर्ताको कम्पनी/संस्था दर्ता प्रमाणपत्र,

(ख) विद्युत् बिक्रीकर्ताको अद्यावधिक प्रबन्धपत्र, नियमावली तथा शेयर लगत,

(ग) विद्युत् बिक्रीकर्ताको सञ्चालकहरुको विवरण,

(घ) स्थायी लेखा नम्बरको प्रमाणपत्र,

(ङ) कर चुक्ताको प्रमाणपत्र,

(च) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको उत्पादन अनुमतिपत्र,

(छ) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रमा ऋण लगानी गर्ने वित्तिय संस्थाको मनसाय पत्र,

(ज) ग्रिड कनेक्सन सम्झौता,

(झ) विद्युत् खरिदकर्ताले गरेको प्राविधिक तथा वित्तिय मूल्यांकन सम्बन्धी कागजात,

(ञ) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको विस्तृत विवरण (Salient Features),

(प) जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको सम्भाव्यता अध्ययन प्रतिवेदन (फिजिबिलिटि स्टडी रिपोर्ट),

(फ) विद्युत् खरिद बिक्री दरको निर्धारण तथा विद्युत् खरिद बिक्री सम्झौताको सहमतिको लागि निवेदन दिने सम्बन्धमा विद्युत् बिक्रीकर्ताको सञ्चालक समितिको निर्णय,

(ब) अन्य आवश्यक कागजात तथा विवरणहरु।

अनुसूची– २

(दफा ६ संग सम्बन्धित)

विद्युत् खरिद बिक्री दर निर्धारणबापतको सेवा शुल्क

१. दफा ३ को उपदफा (२) बमोजिम विद्युत् खरिद बिक्री दर निर्धारण तथा विद्युत् खरिद बिक्री सम्झौतामा सहमतिका लागि निवेदन दिँदाः

(क) विद्युत् खरिद बिक्री दर निर्धारण बापतः रू. ७,५००/- (एकमुष्ट)

(ख) विद्युत् खरिद बिक्री सम्झौतामा सहमतिको लागिः

(अ) एक मेगावाटभन्दा माथि र एक हजार मेगावाटसम्मका आयोजनाहरुको लागि : रू. १०,०००/- (प्रति मेगावाट),

(आ) एक हजार मेगावाटभन्दा माथिका आयोजनाहरुको लागि : रू. १,२०,००,०००/- (एकमुष्ट)।

२. दफा ४ को उपदफा (२) बमोजिम विद्युत् खरिद बिक्री पुनः निर्धारणको लागि निवेदन दिँदा हरेक पटक रू. ७,५००/- (एकमुष्ट)।

३. दफा ५ को उपदफा (४) बमोजिम विद्युत् खरिद बिक्री दर पुनरावलोकनको लागि निवेदन दिँदा हरेक पटक रू. ७,५००/- (एकमुष्ट)।

# अनुसूची— ३

(दफा ९ सँग सम्बन्धित)

## सञ्चालनसम्बन्धी प्राविधिक मापदण्ड

a. Parameters including but not limited to
    - Continous Overloading
    - Emergency overload limit
    - Emergency overload time
    - Minimum stable generation (MW)
    - Reactive power support ability
    - Ramp rate
    - Runback capacity
    - Cold start time
    - Warm start time
    - Minimum offline time
    - Minimum run time
    - Synchronization delay
    - Free Governor Mode Operation (FGMO),
    - Standards related to data telemetry, communication system up
    - Shutdown Initiation to Synchronization Time
    - Other operational terms and condition

b. Other parameters as suggested by LDC, Generation Plant Experts, etc.